नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार,काठमाडौं

## प्रेस विज्ञप्ति

राजस्व चुहावट नियन्त्रण उच्च स्तरीय अनुगमन समितिको बैठक समितिका संयोजक तथा मा. अर्थ मन्त्री युवराज खतिवडाज्यूको अध्यक्षतामा मिति २०७६/०८/१८ गते सम्पन्न भयो ।
बैठकमा अर्थ सचिव, राजस्व सचिव, गृह सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव, सुरक्षा निकायका प्रमुखहरु लगायतका पदाधिकारीको उपस्थिति रहेको थियो । बैठकमा राजस्व व्यवस्थापन महाशाखाले राजस्व चुहावट नियन्त्रणको वर्तमान अवस्था र सुधारका क्षेत्रहरु विषयमा प्रस्तुत गरेको थियो । विभागीय प्रमुख र सुरक्षा निकायका प्रमुखहरुले राजस्व चुहावट नियन्त्रणको लागि आ-आफ्नो संगठनले गरेका प्रयास, चुनौती र आगामी कार्य दिशाको बारेमा जानकारी दिनु भएको थियो ।

उक्त बैठकमा मा. अर्थमन्त्रीबाट राजस्व चुहावट नियन्त्रणका सम्बन्धमा देहाय बमोजिम गर्न गराउन निर्देशन दिनुभयो ।

- भन्सार विभाग, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग र सुरक्षा निकाय लगायत राजस्व चुहावट नियन्त्रणमा संलग्न केन्द्रीय स्तरका निकायहरुबाट संवेदनशील भन्सार नाकाहरुमा संयुक्त रुपमा अनुगमन गर्ने ।
- भन्सार नाकाबाट अस्थायी रुपले प्रवेश गर्ने यात्रुवाहक सवारी साधन र अन्य सवारी साधनको भन्सार विभागले कडाईका साथ चेक जांच गर्ने व्यवस्था मिलाउने ।
- बैठकमा प्रस्तुत गरिएका संवेदनशील नाकाहरुमा यथाशीघ्र भन्सार र राजस्व प्रहरी बीच समन्वय गरी गस्ती परिचालन गर्ने ।
- सुरक्षा निकाय र राजस्व प्रशासन बीच सूचनाको आदान प्रदान गरी राजस्व चुहावट नियन्त्रणमा थप समन्वयात्मक ढंगले काम गर्ने ।

२०७६।८।१९

(उत्तरकुमार खत्री)
सहसचिव/प्रवक्ता

मंसिर १९, २०७६
अर्थ मन्त्रालय, सिंहदरबार।